बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

बैठक संख्याः २

श्री

आज मिति २०८० साल भाद्र १३ गते दिउसो २:०० वजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

## उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | [signature] | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | [signature] | श्री रुद्र प्रकाश उपाध्याय, उप-प्रमुख | उप-प्रमुख |
| ३. | [signature] | श्री प्रकाश खनाल, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | [signature] | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | [signature] | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | [signature] | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | [signature] | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | [signature] | श्री वेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | [signature] | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | [signature] | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुर्व थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | [signature] | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | [signature] | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | [signature] | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | [signature] | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

| | | | |
|---|---|---|---|
| १६. | | श्री उमाशंकर चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | सुमित्रा | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | जानकी | श्री जानकी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | बुद्धेराम | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |
| | | व्यवस्थापन टोलि | |
| २८. | | कृष्णबहादुर थापा क्षेत्री, अधिकृत छैठौं. | |
| २९. | | | |
| ३०. | | | |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

प्रस्तावहरु :

१. प्रमुख प्रशासकीय अधिकृतको स्वागत सम्बन्धमा ।

२. "बर्दघाट नगरपालिका प्रमुखको सचिवालय गठन तथा सञ्चालन सम्वन्धी कार्यविधि, २०८० "सम्बन्धमा ।

३. बर्दघाट नगरपालिकाको" ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८०"

४. बर्दघाट नगरपालिकाको "पूर्वनिर्मित भवन नक्सा अभिलेखीकरण सम्बन्धी कार्यविधि, २०८० सम्बन्धमा ।

५. वातावरणीय परीक्षण IEE सम्बन्धमा ।

६. भुताहा-आम्वास-संसारकोट-दुम्कीबास सडकको वातावरणीय परीक्षण IEE प्रतिवेदन सम्बन्धमा ।

७. विविध ।

क) मोटरसाइकल नामसारी सम्बन्धमा ।

ख) प्राविधिक कर्मचारी सर्वेक्षक र अमिनको सेवा करार सम्बन्धमा ।

ग) वास युनिटका कर्मचारीको सेवा करार सम्बन्धमा ।

निर्णय नं. १

- श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट यस नगरपालिकामा सरुवा भई आउनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री प्रकाश खनाललाई स्वागत गर्दै सफल कार्यकालको शुभकामना प्रदान गरियो ।

निर्णय नं. २

- विधेयक समितिबाट दफावार छलफल भई आएको "बर्दघाट नगरपालिका प्रमुखको सचिवालय गठन तथा सञ्चालन सम्वन्धी कार्यविधि, २०८०" स्वीकृत गर्ने ।

निर्णय नं. ३

- विधेयक समितिबाट दफावार छलफल भई आएको बर्दघाट नगरपालिकाको "ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८०" स्वीकृत गर्ने ।

निर्णय नं. ४

- बर्दघाट नगरपालिकाको "भवन नक्सा अभिलेखीकरण सम्बन्धी कार्यविधि, २०८०" स्वीकृत गर्ने ।

निर्णय नं. ५

- यस बर्दघाट नगरपालिकाको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित योजना, कार्यक्रम तथा आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी अध्ययन प्रतिवेदन, प्रतिवेदन तयारी, स्वीकृति, प्रस्ताव कार्यान्वय तथा अनुगमन प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन देहाय बमोजिमका खोलाहरुको वातावरणीय परीक्षण (IEE) गराउने ।

तपशिल

| क्र सं | विवरण | ठेगाना |
|---|---|---|
| १ | गंगटीखोला | बर्दघाट-१६ |
| २ | अलावलि खोला | बर्दघाट-१० |
| ३ | विर्ता खोला | बर्दघाट-१० |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

| | | |
|---|---|---|
| ४ | खजुरा खोला | बर्दघाट- १६ |
| ५ | २२ नं खोला | बर्दघाट-४ |
| ६ | सिकारी खोला | बर्दघाट-१६ |
| ७ | खोला सफाई (विषयघोल, चिसापानी खोला, भुताहा र लण्डनव्रिज) | बर्दघाट-४, २, ९, १० र ११ |

निर्णय नं. ६

- यस नगरपालिका वडा नं २ स्थित भुताहा-आम्वास-संसारकोट-दुम्कीबास सडकको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) गर्नको लागि श्री ग्रेट हिमालयन रिसर्च एण्ड कन्सल्ट प्रा.लि., काठमाण्डौ संग सम्झौता भएकोमा उक्त संस्थाले तयार गरेको IEE मस्यौदा प्रतिवेदन उपर छलफल गरि प्राविधिक पक्षहरुको अध्ययन, विश्लेषण र पुनरावलोकन गरि सिफारिस गर्न प्राविधिक समितिलाई जिम्मा दिइएको मस्यौदा प्रतिवेदन अनुमोदन गर्ने ।

निर्णय नं. ७ विविध

क) ईलाका प्रहरी कार्यालय, बर्दघाट नवलपरासी (बसुप)बाट नगरक्षेत्रभित्र शान्ति सुरक्षा कायम राख्न मोटरसाइकल थान-१ माग भई आएकोमा यस कार्यालयबाट मिति २०८०/०१/१५ मा लु.१.ब. ३४९४ (Discover 125 ST) नं. को मोटरसाइकल थान-१ उपलब्ध गराई हस्तान्तरण समेत गरिएकोले सो मोटरसाइकललाई यातायात व्यवस्था कार्यालय, बुटवल मार्फत उक्त कार्यालयको नाममा नामसारी गरिदिने ।

ख) राष्ट्रिय भूमि आयोग, जिल्ला समिति नवलपरासीबाट यस नगरपालिकामा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुले आवाद कमोद गरेको जग्गा नापनक्सा गर्ने प्रयोजनका लागि नापी टोली खटाई नापनक्साको कार्य संचालन भएकोमा हाल केही वडामा नाप नक्साको कार्य अन्तिम चरणमा पुगेको र केही वडामा कर्मचारी अभावका कारण कार्य प्रारम्भ गर्न नसकिएकोले चालु आर्थिक वर्ष २०८०/०८१ को सि. नं. ९० मा विनियोजन रकमबाट तलव भत्ता खाने गरी जग्गा नापनक्साका लागि खटिने नापी टोलीमा सर्भेक्षक जना-१ र अमिन जना-१ गरी आवश्यक जना-२ प्राविधिक कर्मचारीहरु सेवा करारमा लिने ।

ग) बर्दघाट नगर कार्यपालिकाको कार्यालयमा खानेपानी, सरसफाई तथा स्वच्छता शाखा (वास युनिट) स्थापना गरी नगरस्तरीय खानेपानी ल्याव सञ्चालन गर्न चालु आर्थिक वर्ष २०८०/०८१ को सि.नं. ७० मा विनियोजन रकमबाट तलव भत्ता खाने गरी ल्यावटेक्निसियन जना-१ र सहायक कम्प्यूटर अपरेटर जना-१ गरी आवश्यक जना-२ कर्मचारीहरु सेवा करारमा लिने ।

घ) यस बर्दघाट नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को नगर विकास योजनाको सि.नं. ७७ मा विनियोजन भएको रु ५ लाख रकमबाट वडा नं १६ को वनदेवी र वडा नं ४ को शिवालय मन्दिरको गुरुयोजना निर्माण प्रकृया अगाडि बढाउने ।